

## प्रचार-प्रसार

अभिनेतृ तथा निर्देशक दीपाश्री निरौला, अभिनेताद्धय जितु नेपाल र केदार घिमिरे तथा नायिका दीपिका प्रसाईं *छक्का पञ्जा-३* को प्रचारका क्रममा भक्तपुरमा।

PAGE3

## ढाका सुन्दरी

रंगकर्मी तथा अभिनेतृ सिर्जना सुब्बा ढाकाको पहिरनमा।



# खोलामा रोकिएको गाडीमै बच्चा जन्मियो : सरिता गिरी




कहिलेकाहीं यात्रामा सोच्दै नसोचेको हुँदो रहेछ। कुरा हो खोटाङ यात्राको। हामी सुटिङ सकेर काठमाडौं फर्कंदै थियौं। जीवन बराल, कुसुम अनि हाम्रो चाइल्ड आर्टिस्ट कसिप, अरू २ जना साना बहिनी र अरू सबै पुरुष थिए।

एक त हायसको ड्राइभर दाइले गाडी ढिलो लिएर आउनुभयो। हायसलाई संगीतको रफ्तारमा दौडाए, संगीतले गर्दा अलि रिस कम भयो। लगभग डेढ घन्टापछि हायस एक्कासी रोकियो। ड्राइभर दाइले भन्नु भो- 'एउटा बिमारीलाई काठमान्डु लानुपर्ने भो। हजुरहरू १० मिनेट कुर्नुपर्ने भो, इमर्जेन्सी छ।' हामीलाई त्यहीं उतारी दाइ बिमारी लिन जानु भो। १ घन्टा बितिसक्दा पनि गाडीको अत्तोपत्तो थिएन। उहाँ त खोटाङ हस्पिटल पुग्नुभएछ। गाउँलेको कुरा बुझ्दा थाहा भो कि तिनी साधारण बिमारी थिइनन्। खोटाङको हस्पिटलले ५ दिनपछि डेलिभरी हुने डेट दिइएकी १ महिलालाई हामीबाट सम्भव छैन भनेको रहेछ। हामी चढेको अन्तिम गाडी थियो। त्यसैले हामी हतारिएका थियौं।

गाडी डेढ घन्टापछि आयो बिमारी बोकेर। हामी सबै स्तब्ध भयौं। लगभग त्यो गाडीमा ड्राइभर दाइको आफन्तीहरू नै थिए। कोही बोलेनन् र बोल्ने कुरा पनि भएन। एक त बिमारी नर्मल थिएनन्। ५ दिनपछि उनको डेलिभरी डेट थियो, मलाई एकदमै डर लाग्यो बाटोमा केही भै हाल्यो भने के हुन्छ भनेर। म, जीवन र कुसुम रिसाउन थाल्यौं। यस्तो अवस्थाको बिमारी यत्रो लामो कच्ची बाटोको यात्रा कसरी गर्न सकिन्छ? उनको बूढाले भने- 'म छु चिन्ता नलिनु।' जीवनले केही नबोली ड्राइभर दाइलाई भनिदिए- 'अरू कुरा केही थाहा छैन हामीलाई राति घर-घरमा पुर्‍याइदिनुपर्छ बस्।'

गाडीभित्र कोही बोलिरहेका थिएनन्। सबैको ध्यान ती महिलामाथि थियो। म र कुसुम छिन-छिनमा मुखामुख गर्दै थियौं। जति-जति गाडि अगाडि बढ्यो, उति ती महिलालाई व्यथाले च्याप्दै थियो। लगभग ४ घन्टाको यात्रा पूरा गरेपछि उनलाई झन् गाह्रो भयो। हामीले गाडी रोक्यौं। उनलाई ट्वाइलेट लगेर प्याड लगाइ दियौं। उनको रगतले पूरै लुगा भिजिसकेको थियो। कुसुम र मलाई टेन्सन भयो। कुसुमले भनिन्- 'दिदी उनको त पेट झरेर तल आइसक्यो बच्चा त बाटैमा हुन्छ कि के हो?' म झन् आत्तिन थालें, उनको बूढालाई भनें- 'ऊसँग बोलिरहनु, हात मालिस गरिदिनु।' विचरा माया पनि लाग्यो, एउटी नारीले के-कति सहने? अनि विस्तारै हामीले उनलाई काखमा सुतायौं। म धेरै बेरदेखि डा. अरूणा कार्की अन्टीलाई फोन ट्राई गर्दै थिएँ यस्तो अवस्था के-के गर्न सकिन्छ भनेर। अन्टीको फोन नउठेपछि आकांक्षालाई गर्न थाले। उसको पनि रेस्पोन्स आएन। आधा घन्टापछि आकांक्षाले म्यासेज पठाइन्- 'म क्लासमा छु कल यु लेटर।' खोटाङ जिल्ला कटेर हामी ओखलढुंगा आइपुग्यौं। सल्लाहबमोजिम बिरामीलाई तातो सुप खुवाउन घुर्मीमा गाडी रोक्न लगायौं। १५ मिनेटपछि विस्तारै गाडी अगाडी बढ्यो। गाडी अगाडि बढेको मात्रै के थियो, ट्याम्के खोलाको मुखैमा पुगेपछि 'मेरो बच्चा जन्मियो गाडी रोक्नुस् भनिन् उनले। गाडी आधि खोला र आधि खेतको डिलमा थियो। सबैको होस् उड्यो। के गर्ने कसैलाई थाहा थिएन। म गाडीको ढोका खोलेर उनी बसेको साइडमा गएँ। उनले लगाएको ट्राउजर खोलेको के थिएँ बच्चाको आधा टाउको बाहिर आइसकेछ। मेरो दिमाग शून्य भयो, त्यत्रो आँट काहाँबाट आयो कुन्नि खल्तीबाट मोबाइल झिकें र डा. अरुणा अन्टीलाई फोन गरें। अन्टीले दुई रिडमै फोन उठाउनुभयो।

थ्याक्स गड, त्यहाँ भएको सबै घटना सुनाएँ। बच्चालाई पहिला कपडाले न्यानो पार भन्नुभयो। एउटा कानमा फोन र हातमा बच्चा, जीवनले सबैलाई मोबाइलको टर्च बाल्न लगाए, गाडीको सिटमा आमा र पछाडिबाट कुसुमले आमालाई सपोर्ट गरिन्। मेरो नजर बच्चामा गयो 'लु बधाई छ' तपाईंको छोरा भएछ। आमा पनि दंग परिन् र उनका बूढाचाँहि रुँदै आमालाई फोनमा भन्दै थिए- 'आमा बच्चा त खोलामा पो जन्मियो त।' अरूणा अन्टीले भनेबमोजिम गर्दै गएँ। नाल काट्ने र साल निकाल्ने काम सजिलै भो। हामीले एम्बुलेन्स बोलाएर आमा र छोरालाई सकुशल पठायौं। जाने बेलामा छोरोको बुबाले रुँदै आभार व्यक्त गरे- 'हजुरहरू हाम्रो लागि देउतै हुनुभयो। उनीहरूलाई पठाएपछि ड्राइभर दाइ खोलामा गाडी धुन थाले। मचाहिँ लुगामा लागेको रगत धुन थालें। त्यही बेला म्यासेज आयो अन्टीको, 'कंग्रयाचुलेसन्स्, वेल डन।' अनि आकांक्षाको फोन आयो र सबै कुरा बेली विस्तार लगाइयो खोलाको किनारमा बसेर। अनि हाम्रो गाडी फेरि आफ्नो बाटो लाग्यो।



## को बन्छ करोडपति चलाउँदै हमाल

अन्तर्राष्ट्रियरूपमा लोकप्रिय बौद्धिक टेलिभिजन रियालिटी शो *हु वान्ट्स टु बी ए मिलिनेयर*को नेपाली संस्करण *को बन्छ करोडपति नेपाल* अभिनेता राजेश हमालले सञ्चालन गर्ने भएका छन्। भारतमा लोकप्रियता हासिल गरेको *कौन बनेगा करोडपति* नेपालीमाझ लोकप्रिय रहेकाले आफूले यसको नेपाली संस्करण सञ्चालन गरेको बिहीबार राजधानीमा आयोजित कार्यक्रममा हमालले बताए।

यो रियालिटी शो विश्वका १ सय ६१ देशबाट फ्रेन्चाइजको रूपमा प्रशारण हुँदै आएको छ। नेपाली संस्करणका रूपमा *केबीसी नेपाल* (को बन्छ करोड पति नेपाल) अगामी मंसिरको पहिलो साताबाट एचडी च्यानल एपी वान टेलिभिजनमार्फत प्रसारण हुनेछ।

'अन्तर्राष्ट्रियरूपमै लोकप्रियता हासिल गरेको कार्यक्रमको सञ्चालक बन्न पाउँदा खुसी लागेको छ। *को बन्छ करोडपति*ले यसमा सहभागी हुने नेपालीलाई बौद्धिकसँगै आर्थिकरूपमा पनि धेरै हदसम्म सबल बनाउनेछ', हमालले भने- 'शिक्षासँग जोडिएको एउटा बौद्धिक कार्यक्रम भएकाले पनि यो कार्यक्रम सञ्चालन गर्न पाउँदा खुसी छु।' कार्यक्रममा *को बन्छ करोडपति नेपाल*को प्रोमो पनि रिलिज गरिएको छ। प्रोमोमा 'नमस्कार नेपाल, तपाईंहरू सञ्चै हुनुहुन्छ' भन्दै *कौन बनेका करोडपति*का सञ्चालक एवं बलिउड बिग बी अमिताभ बच्चनले *को बन्छ करोडपति*लाई सफलताको शुभकामना व्यक्त गरेका छन्।

को बन्छ करोडपति कार्यक्रममा सहभागी हुनका लागि दर्ता प्रक्रिया पनि शुरू गरिएको आयोजकले जानकारी गराएका छन्। आयोजक विपीनकुमार आचार्यले नेपालीलाई गेम खेलाउँदै आर्थिकरूपमा समृद्ध र अझ बौद्धिक बनाउन *को बन्छ करोडपति नेपाल* कार्यक्रम टेलिभिजनमार्फत सञ्चालन गर्न लागेको बताए।

## निर्जलालाई सिंगल शो




केही सातायता नेपाली फिल्मले सिंगल रिलिज नपाइरहेका बेला *निर्जला*ले भने सिंगल रिलिजको मौका पाएको छ।

सामाजिक प्रेमकथामा आधारित भनिएको फिल्म *निर्जला* आज शुक्रबारबाट देशभर रिलिजमा आउने भएको छ। राजु गिरीले निर्देशन गरेको फिल्म प्रकाशचन्द्र न्यौपानेले निर्माण गरेका छन् भने अभिनेतृ शुभेच्छा थापाको प्रमुख भूमिका रहेको छ। फिल्ममा शुभेच्छाका साथमा किशोर खतिवडा, श्याम राई, शूरवीर पण्डित, निक शर्मा, राजकुमार थापा, पल्पसा डंगोल, रश्मी भट्टलगायतका कलाकारको अभिनय छ। फिल्ममा बबुल गिरीको संगीत, उनको साथमा सुजाता वर्मा, मेलिना राई, सलिल सुन्दर तुलाधर र सवनम आचार्यको स्वर तथा दिनेश सुवेदी, राम रुवाली र बबुल गिरीको शब्द रहेको छ। त्यस्तै कमल राईको नृत्य निर्देशन, रवि कोइरालाको छायांकन तथा तारा थापा 'किम्भे' को सम्पादन रहेको छ।

## मायाको चेक सार्वजनिक

भक्तपुर, (नेस)। गायक कपिल कसपालको *मायाको* चेक बोलको गीत म्युजिक भिडियोसहित सार्वजनिक गरिएको छ।

रफत सञ्चार क्लबमा आयोजित कार्यक्रममा सार्वजनिक गरिएको गीतमा स्वर, शब्द र संगीत कसपालको रहेको छ। गीतमा सन्ध्या बुढा (काउली बुढी) ले समेत स्वर दिएकी छिन्। यसको म्युजिक भिडियोमा नयन डीसी र सृष्टि खड्काले अभिनय गरेका छन् भने निर्देशन कसपालले नै गरेका छन्। नृत्य संयोजन बुगिवुगीका नृत्य निर्देशक प्रशान्त तामाङले गरेका छन्। राग-रागीनी इन्टरटेन्टमेन्ट प्रालिको ब्यानरमा तयार पारिएको गीत र म्युजिक भिडियोले जीवनलाई मनोरञ्जनात्मकरूपमा अगाडि लैजानुपर्ने सन्देश दिएको छ। कार्यक्रममा गायिका काउली बुढीले सञ्चालनमा ल्याएको आफ्नै युट्युब च्यानल काउली बुढी शोबाट गीत सार्वजनिक गरिएको थियो। काउली बुढीले *मायाको* चेकले युवाको मन जित्न सक्ने दाबी गरिन्। गीत डान्सिङ बिटमा निर्माण भएकाले सबै उमेर समूहको रोजाइमा पर्ने कसपालले आशा व्यक्त गरे।




## जिम जान लाखको ज्याकेट !



बलिउड नायिका करिना कपुरलाई बलिउडमा स्टाइलिस हिरोइन मानिन्छ। उनलाई फेशन आइकन पनि मानिन्छ।

आमा बनिसकेपछि उनको वजन बढे पनि आफूलाई मेन्टेन गरेर पहिलेकैरूपमा फर्काउन सफल करिना अहिले पनि उत्तिकै हट छिन्, जस्तो उनी आमा बन्नुअघि थिइन्।

उनै करिनाले लगाउने गरेको एक ज्याकेटले अहिले सामाजिक सञ्जालमा चर्चा पाइरहेको छ। जुन ज्याकेट उनी योग स्टुडियो र जिम गर्न जाँदा लगाउँछिन्। उक्त ज्याकेटले स्टाइलका कारणभन्दा पनि त्यसको मूल्यको कारण चर्चा पाएको हो। भारतीय सञ्चारमाध्यमले जनाएअनुसार हेर्दा सामान्य जस्तो लाग्ने उनले लगाउने गरेको यो ज्याकेटको मूल्य एक लाख भारतीय रुपैयाँ हो।





